## सिम्ता गाउँपालिकाको विनियोजन ऐन २०७९

सिम्ता गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन २०७९

**प्रस्तावनाः**

सिम्ता गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम सिम्ता गाउँपालिकाको कार्यपालिका बाट स्वीकृत गरी गाउँ सभा समक्ष ऐन स्वीकृतको लागि पेश गरिएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "सिम्ता गाउँपालिका गाउँ विनियोजन ऐन,२०७९"रहेको छ ।

(२) यो सभाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च, शसर्त अनुदान र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५९,२५,३४,०००/– अक्षरुपी ५९ करोड २५ लाख ३४ हजार मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त सिम्ता गाउँपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको नितित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बच हुने शीर्षकबाट नपुग

हने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च व्याज जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकका बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसूची १

(दफा २ संग सम्बन्धित नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रकम रु मा

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | शसर्त अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| २ | गाउँपालिका | रू २५ करोड २ लाख | रू ३४ करोड ९३ लाख | रू २८ करोड ३८ लाख ५० हजार | रू ५९ करोड ९५ लाख ३४ हजार |
| ३ | विषयगत शाखा | | | | रू ३७ करोड ९७ लाख |
| ४ | वडा तर्फ | रू २ करोड ७० लाख | | | रू २ करोड ७० लाख |
| ५ | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| ६ | कुल जम्मा | | | | |